नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
प्रहरी महानिरीक्षकको सचिवालय

फोन: ०१-४७१९८०२, ०१-४७१९८०३
Ext: ०१-४७९१९०० १११, ११२

पो.ब.नं. ४०७
नक्साल, काठमाडौं

पत्र संख्या : (०८२/०८३) च.नं. :-
प्रा.प.सं. :

मिति : २०८३।०३।२५ गते
ने.सं.: ११४६

**विषय : प्रेस विज्ञप्ति**

हाल केही सञ्चार माध्यम तथा सामाजिक सञ्जालमार्फत अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत रहेका केही सिनियर प्रहरी अधिकृतहरूको काज / सरुवा सम्बन्धी विषयलाई लिएर भ्रमपूर्ण विभिन्न समाचार, टिप्पणी तथा विश्लेषण प्रकाशित एवं प्रसारित भएको प्रति नेपाल प्रहरीको गम्भीर ध्यानाकर्षण भएको छ।

यस सम्बन्धमा नेपाल प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभाग, कर्मचारी प्रशासन शाखाको मिति २०८३।०३।१८ र १९ गतेको पत्रानुसार सम्बन्धित प्रहरी अधिकृतहरूको काज / सरुवा नियमित प्रशासनिक कार्य तथा प्रचलित कानूनी व्यवस्था र स्थापित प्रशासनिक प्रक्रिया बमोजिम गरिएको हो। उक्त काज सरुवा कुनै विशेष घटना, अनुसन्धान, उजुरी वा अन्य कुनै विषयसँग सम्बन्धित नभई नियमित कर्मचारी व्यवस्थापनको सिलसिलामा सम्पन्न गरिएको नियमित प्रशासनिक प्रक्रिया हो।

तथ्य र आधिकारिक जानकारी बिना अनुमानका आधारमा समाचार तथा टिप्पणी प्रकाशित वा प्रसारित हुँदा आम नागरिकमा भ्रम सिर्जना हुने, सार्वजनिक संस्थाप्रतिको विश्वासमा नकारात्मक असर पर्ने तथा प्रशासनिक प्रक्रियालाई अनावश्यक रूपमा विवादित बनाउने अवस्था उत्पन्न हुन सक्ने भएकाले यस्ता अपुष्ट, भ्रामक तथा तथ्यहीन सूचनाको पछि नलाग्न नेपाल प्रहरी सम्पूर्ण सञ्चार माध्यम, सामाजिक सञ्जाल प्रयोगकर्ता तथा सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्दछ।

नेपाल प्रहरी सदैव कानूनी व्यवस्था, पारदर्शिता, निष्पक्षता तथा स्थापित प्रशासनिक प्रणालीको पालना गर्दै आफ्नो जिम्मेवारी निर्वाह गर्न प्रतिबद्ध रहेको व्यहोरा समेत जानकारी गराइन्छ।

**अबि नारायण काफ्ले**
**(प्रहरी नायव महानिरीक्षक)**
**केन्द्रीय प्रहरी प्रवक्ता**